नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,५५० सिलिण्डर र उपत्यका बाहिर ६,९८५ सिलिण्डर गरी कुल १२,२३५ सिलिण्डर अक्सिजनको उत्पादन भइरहेको छ। यस बीचमा २ वटा खाद्यान्न, ३ वटा स्वास्थ्य सामाग्री पसल र २ वटा अन्य सहित ७ वटा पसलको अनुगमन गरिएको छ। अनुगमनको क्रममा ३ वटालाई कारवाही गरी रू. ३, ८५,०००।– जरिवाना गरिएको छ भने संयुक्त बजार अनुगमन टोलीबाट नियमित बजार अनुगमन भइरहेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार विभिन्न मुलुकका अन्तरार्ष्ट्रिय उडानबाट नेपाल आएका जम्मा २३८ जना यात्रुहरू पर्यटन विभागले सूचीकृत गरेको विभिन्न होटलका क्वारेन्टिनमा रहेका छन् । उक्त होटल क्वारेन्टिनको विभागले दैनिक अनुगमन गरिरहेको छ ।

अर्थ मन्त्रालयका अनुसार २७,६२,५४७ थान विभिन्न मेडिकल उपकरणहरू मुल्य रू. १,६०,१२,४२२ र औषधीहरू रू. १२,२४,८०८।– मूल्यको पैठारी भएको छ।

मिति : २०७८ असार १३

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np